विभागीय प्रतिवेदन

नेपाली विभाग २०२१-२०२२

सन् २०२१ को नेभेम्बर महिनासम्म नेपाली विभाग, सन्त जोसेफ्स महाविद्यालयले विद्यार्थीहरूलाई परावास्तविक रूपमा नै कक्षा लिने काम गऱ्यो। १६ नोभेम्बर, २०२१ देखि भने वास्तविक रूपमा नै कक्षा सुरु भएकाले गर्दा विभागले विद्यार्थीहरूलाई वास्विक रूपमा कक्षा लिने काम गऱ्यो। जुलाई सन् २०२१ देखि जुन, सन् २०२२ सम्म विभागले निम्नलिखित कार्यक्रमहरूको आयोजना गऱ्यो।

१. शिक्षक-अभिभावक सभा

नेपाली विभाग, सन्त जोसेफ्स महाविद्यालयले २१.०४.२०२२ का दिन एउटा शिक्षक अभिभावक सभाको आयोजना गऱ्यो। सभामा विद्यार्थीहरूका सबै अभिभावकहरूलाई बोलाइएको थियो। यस सभामा विद्यार्थीसँगै अभिभावकलाई महाविद्यालयका नीति, नियम र कानुनबारे जानकारी दिने काम गरियो। सभालाई विभाग अध्यक्ष डा योगेश पन्त, डिन डा राधा शर्मा, श्री भुपाल छेत्री र बलराम सापकोटाले सम्बोधन गरेका थिए।



२. विद्यार्थी सङ्गोष्ठी

११.०५.२०२२ का दिन विभागले एउटा विद्यार्थी सङ्गोष्ठीको आयोजन गरेको थियो। विद्यार्थीहरूलाई लिएर गरिएको यस सङ्गोष्ठीमा विद्यार्थीहरूले विभिन्न विषयमा आफ्नो सङ्गोष्ठी पत्र प्रस्तुत गरे। यस सङ्गोष्ठीमा महाविद्यालयका प्राचार्य ड़ा फा डोनाटस कुजुरको महत्त्वपूर्ण उपस्थिति रहेको थियो। प्राचार्य महोदयले विद्यार्थीलाई प्रोत्साहन गर्दै सिर्जनाका

क्षेत्रमा सधैँ अघि बढ्ने हौसला प्रदान गरेका थिए। यस सङ्गोष्ठी कार्यक्रममा महाविद्यालयका प्राध्यापकहरूको विशेष उपस्थिति थियो।




जुलाई, २०२१ देखि जुन, २०२२ सम्म विभागका शिक्षकहरूले प्रकाशित गरेका पुस्तक र पत्रहरूको विवरण यस प्रकार छन्-

१. डा राधा शर्मा, **मध्यान्तर उपन्यासः नौलो दृष्टिबोध**, समकालीन साहित्य (अनलाइन पत्रिका), अगस्ट ३०, २०२१.
२. डा योगेश पन्त, **लेख्न मन लागेको कथा** (कथा सङ्ग्रह), ३०.१०.२०२१
३. डा योगेश पन्त, **लोकप्रिय आख्यान** (समालोचना), २६.११.२०२१
४. डा योगेश पन्त, **नेपाली भाषाको सामाजिक शक्ति** (च्याप्टर इन बुक्स), नेपाली साहित्यको वृहद् इतिहास, २०२२.
५. श्री बलराम सापकोटा, **दार्जिलङ तराइ डुवर्सका नेपाली कथा** (च्याप्टर इन बुक्स), नेपाली साहित्यको इतिहास, २०२२.

जुलाई, २०२१ देखि जुन, २०२२ सम्म विभागका शिक्षकहरूले दिएका आमन्त्रित व्याख्यान

१. डा योगेश पन्त, **लोकप्रिय आख्यान**, राजनीतिशास्त्र विभाग, सन्त जोसेफ्स महाविद्यालय, दिनाङ्क ०२.११.२०२१
२. डा योगेश पन्त, **नेपाली कविता**, साउथफिल्ड महाविद्यालय, दार्जिलिङ, दिनाङ्क १४.०५.२०२२
३. डा योगेश पन्त, **एडम्पसन अफ नेपाली सर्ट स्टोरिज**, मासकम विभाग, सन्त जोसेफ्स महाविद्यालय, दिनाङ्क २३.०५.२००५.

जुलाई, २०२१ देखि जुन, २०२२ सम्म विभागका शिक्षकहरूले प्रस्तुत गरेको सङ्गोष्ठी पत्र

१. डा योगेश पन्त, **सावन-भादौ उपन्यासमा दलित चेतना**, सिक्किम गभर्मेन्ट कलेज, नाम्ची, ०४-०५-२०२२ देखि ०६-०५-२०२२.